विराटनगर महानगरपालिका

स्थानीय राजपत्र

खण्डः७ सङ्ख्याः३ राजपत्रमा प्रकाशित मितिः२०८१/०३/२५

# भाग २

# अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

# अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

*कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/११/०४*

*प्रमाणिकरण मितिः२०८०/११/०९*

अटिजम सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको उचित हेरचाह, स्याहार तथा सिकाइ व्यवस्थापनका लागि अटिजम सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनगर्न वाञ्छनीय भएकाले, विराटनगर महानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा "४" बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>(१) यस कार्यविधिको नाम अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०" हुनेछ।

(२) यो कार्यविधि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. <u>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,</u>

(क) "केन्द्र" भन्नाले विराटनगर महानगरपालिका द्वारा संचालित अटिजम सेवा केन्द्र सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले दफा १० बमोजिम गठित अटिजम सेवा केन्द्र सञ्चालन तथा निर्देशक समिति सम्झनु पर्छ।

(घ) "सिफारिस समिति" भन्नाले दफा ७ बमोजिम गठित साझेदार संस्था छनौट सिफारिस समिति सम्झनु पर्छ।

(ङ) "महानगर" भन्नाले विराटनगर महानगरपालिका सम्झनु पर्छ।

(च) "महाशाखा" भन्नाले विराटनगर महानगरपालिकाको स्वास्थ्य महाशाखा सम्झनु पर्छ।

(छ) "शाखा" भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्छ।

(ज) "लक्षित बालबालिका" भन्नाले विराटनगर महानगरपालिका भित्रका वा बाहिरका अटिजम भएका बालबालिका सम्झनु पर्छ।

(झ) "साझेदार संस्था" भन्नाले विराटनगर महानगरपालिका द्वारा संचालित अटिजम सेवा केन्द्रलाई प्राविधिक सहायतादिन छनौट भएको संस्था सम्झनु पर्छ।

(ञ) अभिभावक वा संरक्षक भन्नाले अटिजम भएका बालबालिकाका बाबुआमा वा हेरचाहगर्ने अधिकार प्राप्त व्यक्ति वा व्यक्तिहरु सम्झनु पर्छ।

३. <u>केन्द्र सञ्चालन गरिनेः</u> (१)महानगरपालिकाले केन्द्र सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्र सञ्चालन गर्दा महानगरपालिका क्षेत्रभित्र सबैलाई पायक पर्ने स्थानमा सञ्चालन गरिनेछ।

४.<u>दिवा केन्द्रको रूपमा सञ्चालन गरिनेः</u> (१)केन्द्रलाई प्रारम्भिक रूपमा अटिजम भएका बालबालिकाहरूको दिवा सेवा केन्द्रको रूपमा सञ्चालन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि दीर्घकालमा केन्द्रलाई अटिजम भएका बालबालिकाहरूको आवासीय सेवा केन्द्रको रूपमा विकास गरिनेछ।

५.<u>केन्द्रबाट उपलब्ध गराइने सेवाहरूः</u> अटिजम सम्बन्धी अपाङ्गता भएका लक्षित बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राखि दिवा सेवा केन्द्रका रूपमा केन्द्रबाट देहाय बमोजिमका सेवाहरू उपलब्ध गराइनेछः-

(क) <u>पूर्वनिर्धारित दैनिक क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूको सीप विकास, सामाजिक अन्तरक्रिया र स्वावलम्बनका लागि नियमित र नियोजित रूपमा सञ्चानल गरिने पेन्टिङ र कला, संगित, विभिन्न शिक्षाप्रद खेल अभ्यास तथा अन्य घर बाहिर गरिने क्रियाकलापहरू

(ख) <u>व्यवहारिक सहायताका क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूले देखाउने चुनौतीपूर्ण व्यवहारलाई न्यूनीकरण गरी सामाजिक अन्तरक्रियालाई बढावा दिन व्यवहार व्यवस्थापन रणनीति अन्तर्गत विभिन्न किसिमका क्रियाकलापहरू

(ग) <u>व्यक्तिगत हेरचाहका योजना सम्बन्धी क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूको विशिष्टता अनुरूप उनीहरूको व्यक्तिगत हेरचाहकालागि विकास र कार्यान्वयन गरिने सञ्चार, सामाजिक अन्तरक्रियात्मक, संवेगात्मक एकीकरण तथा स्व-हेरचाह योजना सम्बन्धी क्रियाकलाहरु

(घ) <u>बोलाई र भाषा सुधार सम्बन्धी क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूको बोल्ने शैली, भाषा क्षमता तथा सामाजिक अन्तरक्रियात्मक सीप विकासका लागि गरिने उपचारात्मक क्रियाकलापहरू

(ङ) <u>व्यक्तिगत सक्षमता सुधार सम्बन्धी क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूको लागि स्वनियमन क्षमता र संवेगात्मक क्षमतामा अभिवृद्धि गर्नका साथै पोशाक लगाउने, खाना खाने र उन्नत व्यवहार

देखाउने जस्ता दैनिक क्रियाकलापको व्यवस्थापनसँग सम्बन्धित व्यक्तिगत सक्षमताको सुधारका लागि उपचारात्मक क्रियाकलापहरू

(च) <u>पूर्वनिर्धारित सामाजिकीकरण सम्बन्धी क्रियाकलापहरू</u>

परिस्कृत वातावरणमा अटिजम भएका बालबालिकाहरूलाई सामाजिक सीप र कौशलहरूको सिकाई र अभ्यासको अवसर दिने पूर्वनिर्धारित समूह क्रियाकलाप, युगल अन्तरक्रिया तथा सामाजिक सीप विकास तालिम जस्ता क्रियाकलापहरू

(छ) <u>पोषणयुक्त आहाराको वितरण सम्बन्धी क्रियाकलापहरू</u>

अटिजम भएका बालबालिकाहरूलाई दैनिक पोषणयुक्त खाजा सुविधाका साथै विशिष्ट पोषण आवश्यकता भएका बालबालिकालाई विशिष्ट पोषणयुक्त खाजाको वितरण सम्बन्धी क्रियाकलापहरू

(ज) <u>अभिभावक वा संरक्षक तालिम सम्बन्धी क्रियाकलापहरू</u>

अटिजम भएका आफ्ना बालबालिकाको आवश्यकता प्रभावकारी तरिकाले बुझ्न, प्रभावकारी अभिभावकीय हेरचाह कौशल सिक्न र त्यस्ता बालबालिकाको हितका लागि स्रोत तथा सहायता प्रणालीमा सहज पहुँच बनाउने कलाको विकासका लागि अभिभावक तथा संरक्षकहरूलाई विभिन्न किसिमका तालिम तथा जानकारी सम्बन्धी क्रियाकलापहरू

(झ) <u>अल्पकालीन हेरचाहका क्रियाकलाहरू</u>

अटिजम भएका बालबालिकाहरूलाई अल्पकालीन रूपले हेरचाह गरी अभिभावक वा संरक्षकलाई क्षणिक आराम दिन सञ्चालन गरिने क्रियाकलापहरू

(ञ) <u>परिवर्तन योजना सम्बन्धी क्रियाकलापहरू</u>

घरबाट विद्यालय, थेरापीस्थल, खुला समाज जस्ता स्थानहरुमा अटिजम भएका बालबालिकाहरूको परिवेशमा आउने परिवर्तनबाट पर्ने असरको न्यूनीकरण गर्न तथा अभ्यस्त बनाउन गरिने योजना तथा रणनीति निर्माण जस्ता क्रियाकलापहरू

(ट) <u>स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलाहरू</u>

अटिजम भएका बालबालिकाहरूको भैपरिआउने स्वास्थ्य समस्याको निराकरण तथा उपचारका लागि विज्ञ डाक्टर तथा स्वास्थ्यकर्मीका साथै मनोसामाजिक मनोविमर्शकर्ताको सेवा सम्बन्धी क्रियाकलापहरू

(ठ) <u>सुरक्षित वातावरण निर्माण सम्बन्धी क्रियाकलाहरू</u>

अटिजम भएका बालबालिकाहरूको सिकाई तथा क्षमता विकासका क्रियाकलाप सञ्चालनका लागि सुरक्षित, सहायतामुखी तथा समावेशी वातावरणको सिर्जना सम्बन्धी क्रियाकलापहरू

(ङ) अटिजम भएका बालबालिकाहरूको सर्वोत्तम हितका लागि सञ्चालन गरिने अन्य क्रियाकलापहरू।

६. **साझेदार संस्थाको छनौटः** (१) केन्द्रको सञ्चालनमा प्राविधिक सहायता तथा साझेदारीताको लागि महानगरले सूचना प्रकाशित गरी अपाङ्गता व्यवस्थापनको क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदार संस्थाको योग्यता तथा अनुभव सिफारिस समितिलेतोके बमोजिम हुनेछ।

७.**सिफारिस समितिः**(१)साझेदार संस्थाको छनोट गर्न महानगरपालिकामा देहाय बमोजिमको एक साझेदार संस्था छनौट सिफारिस समिति रहनेछः-

(क) महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत –संयोजक

(ख) अपाङ्गताको क्षेत्रमा काम गरिरहेका एक जना विज्ञ –सदस्य

(ग) महानगरपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा प्रमुख – सदस्य

(घ) लेखा अधिकृत, महानगरपालिका – सदस्य

(ङ) स्वास्थ्य महाशाखा प्रमुख – सदस्य

(च) महिला बालबालिका शाखा प्रमुख –सदस्य

(छ) महानगरपालिकाको प्रशासन सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख–सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) साझेदार संस्था छनोट गर्न मूल्याङ्कनका आधारहरू तय गर्ने।

(ख) साझेदार संस्था छनोटका लागि सूचना प्रकाशन गर्ने।

(ग) प्राप्त प्रस्तावहरूको व्यवस्थित सङ्कलन गर्ने।

(घ) पूर्वनिर्धारित मूल्याङ्कनका आधारमा प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी साझेदार संस्था छनोटका लागि कार्यपालिकासमक्ष सिफारिस गर्ने।

(ङ) साझेदार संस्थासँग गरिने सम्झौताका बुँदाहरू तय गरी सम्झौताका लागि कार्यपालिकासमक्ष सिफारिस गर्ने।

८. **सम्झौताः** (१)केन्द्रको सञ्चालनका शर्तहरू तोकी छनोट भएको साझेदार संस्थासँग महानगरपालिकाले सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौताको अवधि सम्झौता गर्दाका बखत निर्धारण गरिनेछ।

(३) निर्धारित सम्झौताको अवधि समाप्त भएपश्चात आपसी समझदारीमा पुनः सम्झौता अवधि थप गरी नवीकरण गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि केन्द्रको सञ्चालनकालागि आवश्यक प्राविधिक सहयोग प्रभावकारी ढङ्गबाट नगरेको पाइएमा,निर्देशक समिति तथा महानगरपालिकाले दिएको निर्देशनको पटक- पटक उल्लङ्घन गरेमा तथा सन्तोषजनक ढङ्गले कार्य नगरेमा सञ्चालक समितिको सिफारिसका आधारमा कार्यपालिकाले साझेदार संस्थासँग गरिएको सम्झौता जुनसुकै बखत भङ्ग गर्न सक्नेछ।

९. <u>बजेट व्यवस्थापनः</u> (१) केन्द्र सञ्चालनका लागि बजेट व्यवस्थापनको जिम्मेवारी महानगरपालिकाको हुनेछ।

(२) केन्द्र सञ्चालनका लागि महानगरपालिकाले प्रत्येक आ. व. मा बार्षिक बजेट विनियोजन गर्नेछ।

(३) केन्द्र सञ्चालनका लागि महानगरपालिकाले नेपाल सरकार,प्रदेश सरकार,स्थानीय तहहरु तथा विभिन्न गैरसरकारी संस्थाहरूसँग आर्थिक साझेदारी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिने आर्थिक साझेदारीको प्रारूप सम्बन्धित निकाय वा संस्थासँग गरिने सम्झौता बमोजिम हुनेछ ।

**१०. केन्द्र संचालन तथा निर्देशक समितिः** १) केन्द्रको सञ्चालन मार्गनिर्देश गर्न देहाय बमोजिमको एक अटिजम सेवा केन्द्र सञ्चालन तथा निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख | संयोजक |
| (ख) | उप-प्रमुख, महानगरपालिका | सह-संयोजक |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, महानगरपालिका | सदस्य |
| (घ) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ङ) | महानगरपालिकाको अपाङ्गता सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख | सदस्य |
| (च) | महानगरपालिकाको शिक्षा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख | सदस्य |
| (छ) | अपाङ्गता भएका व्यक्तिहरूको पालिका स्तरीय संस्थाको अध्यक्ष | सदस्य |
| (ज) | प्रमुखले मनोनयन गरेको अपाङ्गताका क्षेत्रमा कार्यरत संस्था वा विज्ञ | सदस्य |
| (झ) | साझेदार संस्थाको प्रमुखा वा प्रतिनिधि | सदस्य |
| (ञ) | केन्द्रमा भएका बालबालिकाका अभिभावकहरुमध्ये बाट दूई जना | सदस्य |
| (ञ) | महानगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख | सदस्य-सचिव |

(२) उपदफा (१) अनुसारको समितिको बैठक आवश्यकता अनुसार नियमित रुपमा संचालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) केन्द्र सञ्चालनका सम्बन्धमा आवश्यक पर्ने कानूनी मस्यौदा तयार गर्ने, गराउने।

(ग) केन्द्र सञ्चालनका लागि आवश्यक बजेट विनियोजनका लागि कार्यपालिकासमक्ष प्रस्ताव गर्ने।

(घ) केन्द्र सञ्चालनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरू तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने।

(ङ) केन्द्र सञ्चालनको अवस्था तथा साझेदार संस्थाले गर्ने कामका सम्बन्धमा अनुगमन गर्ने।

(च) केन्द्रको सञ्चालनका सम्बन्धमा साझेदार संस्थाले महानगरपालिकासमक्ष पेश गर्नु पर्ने त्रैमासिक तथा वार्षिक प्रतिवेदनको ढाँचा तोक्ने।

(छ) केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोतको खोजी गर्ने।

(ज) केन्द्र सञ्चालनमा सहजीकरणका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक वा आवश्यकता अनुसार जुनसुकै बेला बस्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठकमा अपाङ्गताको क्षेत्रमा कार्य गरिरहेका सरकारी तथा गैरसरकारी निकाय तथा संघ संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

११.<u>पूर्वाधार व्यवस्थापनः</u> केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था विज्ञसँगको परामर्शमा निर्देशक समितिले तय गरेको अटिजम सेवा केन्द्रको पुर्वाधार सम्बन्धी न्यूनतम मापदण्ड बमोजिम हुनेछ।

१२.<u>जनशक्ति व्यवस्थापनः</u> (१) सम्झौता अवधिभर केन्द्र सञ्चालनकालागि आवश्यक पर्नेजनशक्तिमहानगरले केन्द्र संचालन तथा निर्देशकसमितिको निर्णण अनुसारव्यवस्थापन गर्नेछ । जनशक्तिको व्यवस्थापन गर्दा५ देखि ८ जना बालबालिकाका लागि १ जना कक्षा सहजकर्ता र एकजना आया रहने गरि नियुक्ति गरिनेछ । साथै केन्द्रको दैनिक कार्यक्रम संचालनको लागि एकजना कार्यक्रम संयोजक र सुरक्षाको लागि एकजना सुरक्षा गार्डको समेत व्यवस्था गरिने छ।केन्द्रको आवश्यकता अनुसार समितिले कर्मचारी थपघट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्र संचालनका लागि जनशक्ति आवश्यक भएमा महानगरपालिका मातहतका सार्वजनिक बिद्यालय/संस्थामा रहेका सहजकर्ता/शिक्षक कर्मचारीलाइ केन्द्र संचालन तथा निर्देशन समितिको निर्णय अनुसार समायोजन गर्न सकिन्ेछ।

(३) उपदफा (१) बमोजिमका जनशक्तिको पारिश्रमिक तथा सुविधा महानगरले नै बेहोर्ने छ।

(४) उपदफा (१) बमोजिम आवश्यक जनशक्तिको योग्यता,सेवा सर्त देहाय बमोजिम हुँनेछ।

| सि.नं | आवश्यक जनशक्ति | जनशक्ति को योग्यता/छनौटको मापदण्ड | सेवा सर्त | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | महानगरपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई जिम्मेवारी दिन सकिनेछ।<br>नयाँ छनौट गर्नु परेमाः<br>• कुनै पनि विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण भएको हुनुपर्नेछ।<br>• प्रशासन/ व्यवस्थापन सम्बन्धी अनुभवी लाई प्राथमिकता दिईने छ। | केन्द्र संचालान तथा निर्देशक समितीको निर्णय अनुसार हुनेछ। | |
| २ | कक्षा सहजकर्ता | • महिला हुनुपर्नेछ।<br>• विराटनगर महानगरपालिकाको स्थाई बासिन्दा लाई प्राथमिकता दिइने छ।<br>• २१ बर्ष देखि ४५ बर्ष भित्रको उमेर समुहको हुनुपर्नेछ।<br>• कुनै प्रकारको गम्भिर प्रकृतिको स्वास्थ्य समस्या नभएको हुनुपर्नेछ।<br>• मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा उतिर्ण भएको | केन्द्र संचालान तथा निर्देशक समितीको निर्णय अनुसार हुनेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनुपर्नेछ।<br>• अटिजम भएका बालबालिकाको अभिभावक तथा परिवारको सदस्यलाई प्राथमिकता दिईनेछ।<br>• अटिजम भएका बालबालिकासँग काम गरेको अनुभव भएका तथा तालिम लिएकालाई प्राथमिकता दिईनेछ। | | |
| ३ | आया | • महिला हुनुपर्नेछ।<br>• विराटनगर महानगरपालिकाको स्थाई बासिन्दालाइ प्राथमिकता दिइनेछ ।<br>• २१ बर्ष देखि ४५ बर्ष भित्रको उमेर समुहको हुनुपर्नेछ।<br>• कुनै प्रकारको गम्भिर प्रकृतिको स्वास्थ्य समस्या नभएको हुनुपर्नेछ।<br>• अटिजम भएका बालबालिकाको अभिभावक तथा परिवारको सदस्यलाई प्राथमिकता दिईनेछ।<br>• अटिजम सेवा केन्द्रमा काम गर्न ईच्छुक हुनुपर्नेछ। | केन्द्र संचालान तथा निर्देशक समितीको निर्णय अनुसार हुनेछ। | |
| ४ | सुरक्षा गार्ड | • प्रचलित कानुन बमोजिम | केन्द्र संचालान तथा निर्देशक समितीको निर्णय अनुसार हुनेछ। | |

माथि जुन सुकै कुरा उल्लेख भएता पनि अटिजम सेवा केन्द्र संचालन हुनु पुर्व विराटनगर महानगरपालिकाको सहयोगमा आदर्शमा. वि. विराटनगरमा संचालित अपाङ्गता भएका

बालबालिकाहरुका लागि दिवा सेवा केन्द्रमा रहेका अटिजम भएका बालबालिका तथा सो सँग सम्बन्धित कर्मचारीहरुको महानगरपालिकाले अपनत्व ग्रहण गर्दै यसै केन्द्रमा समाहित गर्नसक्ने छ।

**१३.<u>लक्षित बालबालिका छनौटको आधार र प्राथमिकता</u>:**(१)अटिजम सेवा केन्द्रमा भर्ना हुन मान्याता प्राप्त चिकित्सकबाट अटिजम प्रमाणीत भएको वा सम्बन्धित पालिकाबाट जारी अपाङ्गता परिचय पत्रमा स्पष्ट अटिजम भएको उल्लेख भएको हुनुपर्नेछ।

(२) विराटनगर महानगरपालिकामा स्थायी बसोवास भएको र गरिव तथा विपन्न परिवारका बालबालिकालाई छनौटमा प्राथमिकता दिइनेछ।

**१४. <u>बालबालिकाको अविभावकको भूमिका</u>:** केन्द्र सञ्चालनमा अविभावकको भूमिका देहाय बमोजिम हुनेछः-

(क)केन्द्रको निर्देशनलाई पालन गर्नु पर्नेछ।

(ख) बालबालिकाहरुलाई केयर गर्ने तालिम प्राप्त गरी बालबालिकालाई हेरचाह, पालन पोषण तथा समाजिकरणमा प्रयाप्त समय दिनुपर्नेछ।

(ग) बालबालिकाहरुलाई आवश्यक सामाग्री समयमा उपलब्द्ध गराउनु पर्नेछ।

(घ) सकारात्मक सल्लाह सुझाव उपलब्द्ध गराउनु पर्नेछ।

(ङ) बालबालिकाहरुलाई घरबाट केन्द्रमा ल्याउने र केन्द्रबाट घरमा पुर्याउने जिम्मा अविभावकको हुनेछ।

**१५. <u>शुल्क निर्धारण</u>:** विराटनगरबासी र विराटनगर बाहिरको बालबालिकाहरुको अटिजम सेवा केन्द्रमा भर्ना, मासिक खर्च, यातायात खर्च तथा अन्य शुल्क अटिजम सेवा केन्द्र सञ्चालन निर्देशक समितिले निर्धारण गरे बमोजिमहुनेछ।

१६.**<u>औपचारिक शिक्षाको लागि बिद्यालयसँग आवद्धता</u> :**निर्देशन तथा संचालक समितिको निर्णय अनुसार विराटनगर महानगरपालिकामा संचालित बिद्यालयहरुसँग समन्वय गरी केन्द्रमा रहने बालबालिकाको लागि औपचारिक शिक्षामा आवद्धता गर्ने व्यवस्था मिलाईनेछ।

१७.**<u>अन्य संस्थामा आवद्ध अटिजम भएका बालबालिकालाई केन्द्रसँग आवद्ध गर्ने व्यवस्था</u>:** अन्य सरकारी, गैर सरकारी तथा निजी संस्थामा आवद्ध अटिजम भएका बालबालीकालाइ केन्द्र संचालन तथा निर्देशक समितिको निर्णय अनुसार केन्द्रमा आवद्ध गर्ने व्यवस्था मिलाईनेछ।

१८.**<u>श्रोत केन्द्रका रुपमा रहने</u>** : समान प्रकृतिको काम गर्न वा केन्द्र सञ्चालन गर्न इच्छुक संघ, संस्था, निकायलाइ श्रोत केन्द्रका रुपमा प्राबिधिक सहयोग गरिने छ ।

**१९.सिकाइका अधारमा केन्द्रलाइ परिष्कृत गर्दै सेन्टर अफ एक्सिलेन्सको रुपमा बिकसित गरिने छ ।**

**२०.समान प्रकृतिका राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था र बिशेषज्ञहरुसँग सम्बन्ध स्थापना गरि सहकार्य गरिने छ ।**

२१.**<u>सम्पर्क व्यक्ति तोक्ने</u>**:(१)केन्द्र सञ्चालनमा साझेदार संस्था, अटिजम सेवा केन्द्र तथा महानगरपालिकाबीच समन्वय गर्न कार्यपालिकाले एकजना अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्पर्क व्यक्तिको जिम्मेवारी कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२२.**<u>केन्द्र सञ्चालनमा महानगरपालिकाको भूमिका</u>**: केन्द्र सञ्चालनमा महानगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत नेतृत्व प्रदान गर्ने।

(ख) केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि नियमित रूपमा बजेट विनियोजन गर्ने तथा विनियोजित बजेट रकम खर्च गर्नका लागि वित्तीय मार्गदर्शन तयार गर्ने।

(ग) केन्द्रको दिगोपनका लागि स्रोतको व्यवस्थापन गर्न नेपाल सरकार, प्रदेश सरकार अन्य स्थानीय तहका साथै अन्य निकाय तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने ।

(घ) केन्द्रमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सुधारका लागि सुझाव दिने।

(ङ) निर्देशक समितिको गठन गर्ने र सो समितिको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरू गर्ने, गराउने।

(च) केन्द्रको सिकाई, अनुभव तथा सवालहरूलाई यथार्थपरक र प्रभावकारी रुपमा दस्ताबेजीकरण गर्न तथा प्रचार–प्रसार गर्न सहयोग पुर्याउने।

(छ) केन्द्रको दिगोपनका लागि वार्षिक रुपमा बजेट विनियोजनको सुनिश्चितता गर्ने, गराउने।

(ज) केन्द्रले प्रदान गरेका सेवाको नियमित अनुगमन गर्ने र प्रभावकारिताको सुनिश्चितता गर्ने।

(झ) केन्द्रले प्रदान गरेका सेवाको गुणस्तर सुनिश्चित गर्न साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने।

(ञ) केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने,गराउने।

२३.<u>साझेदार संस्थाको भूमिकाः</u> केन्द्र सञ्चालनमा साझेदार संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रभावकारी तथा गुणस्तरीय रुपमा केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) सामाजिक समावेशीकरणलाई समेत समावेश गरी केन्द्र सञ्चालनको उद्देश्य, लक्ष्य, अपेक्षित उपलब्धि र परिणामबारे महानगरपालिकाका सम्बन्धित कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूलाई जानकारी गराउन सहयोग गर्ने।

(ग) निर्देशक समितितथा महानगरपालिकाले माग गरेका केन्द्र सञ्चालनसँग सम्बन्धित राय, सल्लाह, सुझाव तथा प्रतिवेदन उपलब्ध गराउने।

(घ) केन्द्र सञ्चालनका सम्बन्धमा आवधिक प्रतिवेदन तयारगर्न आवश्यक सहयोग गर्ने।

(ङ) केन्द्रले सञ्चालन गरेका कार्यक्रमका विषयगत पक्षहरूलाई समेटी महानगरपालिकाका कर्मचारीहरू सहित केन्द्रमा कार्यरत कर्मचारीको क्षमता तथा दक्षता विकासका लागि तालिम लगायत प्राविधिक सहयोग पुऱ्याउने ।

(च) केन्द्र सञ्चालनका लागि विषयगत प्राविधिक ज्ञान, सीप एवं अनुभवहरू उपलब्ध गराई सहयोग गर्नुका साथै सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरू उपलब्ध गराउने।

(छ) अटिजम अपाङ्गता सम्बन्धी महानगरपालिकाले विकास गर्ने सचेतनामूलक सामग्रीहरू निर्माणमा प्राविधिक सहयोग पुर्याउने।

(ज)नेपाल सरकारका विभिन्न निकायहरू, र अन्य सम्बद्ध निकायहरूबीचको प्राविधिक, आर्थिक सहयोग र समन्वय प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्ने।

(झ)केन्द्र संचालनका लागि नविनतम ज्ञान सिप तथा प्रविधीको उपलब्धताका लागि अटिजमका क्षेत्रमा कार्यरत अन्तरार्ष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क स्थापनार्थ सहयोग पुऱ्याउने

(ञ) केन्द्रको सञ्चालन प्रभावकारिता अभिवृद्धिका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

२४.<u>अनुगमन र प्रतिवेदनः</u> (१) महानगरपालिका तथा निर्देशक समितिबाट केन्द्रको काम कारबाहीको अवस्थाका सम्बन्धमा समय –समयमा अनुगमन हुनेछ।

)२ (केन्द्रले अघिल्लो तीन महिनाको मासिक प्रतिवेदन तयार गरी प्रत्येक चौथो महिनाको पहिलो हप्ताभित्र सम्पर्क व्यक्तिलाई पेश गर्नुपर्नेछ। सम्पर्क व्यक्तिले यसरी पेश हुन आएको प्रतिवेदनलाई एकीकृत गरी निर्देशक समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(३) केन्द्रबाट वर्षभरीमा गरिएका कार्यहरूको सम्बन्धमा प्रतिवेदन तयार गरी निर्देशक समिति तथा महानगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

२२.**लेखाङ्कन तथा लेखा परीक्षणः** (१) महानगरपालिकाले प्रचलित कानून बमोजिम बजेटको लेखाङ्कन गर्नु पर्नेछ।

(२) महानगरपालिकालेप्रचलित कानून बमोजिम खर्चको लेखा परीक्षण गराई कार्यपालिकासमक्ष सो को प्रतिवेदन पेश गर्नु पर्नेछ।

२३. **बैठक भत्ताः** निर्देशक समितिको बैठकमा उपस्थित पदाधिकारी, कर्मचारी तथा अन्य आमन्त्रित व्यक्तिले प्रचलित कानून बमोजिमको बैठक भत्ता प्राप्त गर्नेछन्।

२४. **संशोधन तथा खारेजीः** यस निर्देशिकालाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार विराटनगर महानगरपालिका, नगर कार्यपालिकामा निहित रहनेछ।